मिति २०८२/०३/०१ गते बसेको तेह्रौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८२/०३/ ०१ बैठक संख्या : २०८१/०८२-१३ समय : विहान ८ : ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका लामिटार सभाहल

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख



Scanned with CamScanner

मिति २०८२/०३/०१ गते बसेको तेह्रौ गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु :

१. विगतको निर्णय समिक्षा सम्बन्धमा ।

२. आ.व. ०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

३. संघीय शशर्त कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको सेवा करार सम्बन्धमा ।

४. आय ठेक्काको दोस्रो किस्ता वापतको रकम सम्बन्धमा ।

५. आर्थिक विधेयक, २०८२ र मनहरी गाउँपालिकाको स्वास्थ्य आपतकालीन तथा विपद् पूर्वतयारी र प्रतिकार्य योजना, २०८२ सम्बन्धमा।

६. पूर्णखोप सुनिश्चित पालिका घोषणा सम्बन्धमा ।

७. विपद्जन्य क्षति र विपद स्वयमंसेवक तालिम सम्बन्धमा ।

८. गरिबसंग विशेश्वर शैक्षिक छात्रवृत्ती सम्बन्धमा ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल



अध्यक्ष

मिति २०८२/०३/०१ गते बसेको तेह्रौ गाउँकार्यपालिका बैठकको प्रस्तावहरु निर्णयहरु :

१. प्रस्ताव नं १ **माथि** छलफल गर्दा यस अघिको कार्यपालिका वैठकको निर्णयं **कार्यान्वयनको** प्रगति समिक्षा **गरियो।**

२. प्रस्ताव नं. २ **माथि छलफल** गर्दा आ.व. ०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम **माथि** दफावार छलफल **गरी** स्वीकृतिको लागि मनहरी गाउपालिकाको १७ औ अधिवेशनको **प्रथम** बैठकमा पेश **गर्ने निर्णय** गरियो ।

३. प्रस्ताव **नं.** ३ **माथि** छलफल गर्दा मनहरी गाउँपालिकामा संघीय शसर्त कार्यक्रम अन्तर्गत कार्यरत तपसिल **बमोजिम**का कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा तपसिल बमोजिम गाउँपालिकाको **आन्तरिक** स्रोतबाट आशिंक/पूर्ण रुपमा खर्च व्यहोर्ने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | कर्मचारीहरुको नाम थर | पद | संघिय सरकारको लागत सहभागिता | स्थानीय तहको लागत सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिव नारायण शाह | **कृषि** स्नातक | ० | १००% | आ.व. ०८१/०८२ मा सेवा करार निरन्तरता दिने |
| २ | राजु कुमार बरही ठाकुर | **प्राविधिक** सहायक | ० | १००% | |
| ३ | प्रमोद अधिकारी | **रोजगार** सहायक | ० | १००% | |
| ४ | सन्तोष थिङ | OVOT | ० | १००% | |
| ५ | अशोक बर्तौला | MIS Operator | ५०% | ५०% | |
| ६ | सुनकेशरी थिङ | Field सहायक | ५०% | ५०% | |
| ७ | लक्ष्मीमाया गोले | **मनोसामाजिक** परामर्शकर्ता | ५०% | ५०% | |
| ८ | लिलादेवी आचार्य | **वित्तीय** साक्षरताकर्ता | ५०% | ५०% | |
| ९ | ज्ञानीमाया प्रजा | **पोषण** सहजकर्ता | ५०% | ५०% | |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजैया, मकवानपुर बागमती प्रदेश



Scanned with CamScanner

मिति २०८२/०३/०१ गते बसेको तेह्रौ गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा माथि छलफल हुँदा मनहरी गाउँपालिका कार्यपालिकाको मिति २०८१/०६/१६ गतेको निर्णय अनुसार चालु आ.ब.का लागि २,०५,७२७.५० घनमिटर नदिजन्य पदार्थ (ढुंगा,गिट्टि,बालुवा,ग्राभेल आदि) स्टक कायम भएको र सोहि परिमाण अनुसार मिति २०८१/०६/२३ गते बोलपत्रको ठेक्का सूचना प्रकाशन गरीएकोमा ठेक्का ब्यवस्थापन नहुन्जेल आम उपभोक्तालाई आवश्यक नदिजन्य पदार्थ सर्वशुलभ रुपले उपलब्ध गराउने तथा चोरी निकासी नियन्त्रण गर्न समेत आवश्यक देखिएकाले सोहि निर्णयानुसार उक्त स्टकवाट विक्री कार्यालय आफैले विक्री गर्ने ब्यवस्था मिलाएकोमा बोलपत्र अनुसार श्री बिएमआर/के एस डी/सन्ध्या जे.भी.हेटौडा संग सम्झौता गरी मिति २०८१/०८/२३ गते कार्यादेश दिईएको ।

उक्त ६० दिनको अवधिमा कार्यालयले विक्री गरेको नदिजन्य पदार्थको परिमाण सम्वन्धमा कार्यालयले संकलन गरेको परिमाण ८८,९८६.१५ घनमिटर सोधभर्ना गर्न स्वीकृत वातावरणीय परिक्षण प्रतिवेदन जिल्ला समन्वय समितिमा पेश गरेको तर हाल सम्म पनि स्वीकृत नगरेका कारण नसकिएकाले मिति २०८१/०८/२० गते बसेको कार्यपालिकाको निर्णय अनुसार कार्यालयले विक्री गरेको नदिजन्य पदार्थको परिमाण ठेक्का सम्झौताको शर्त, कार्यपालिका तथा २०८१/०९/२९ गते बसेको सोह्रौ गाउँ सभाको निर्णयानुसार घटाई १,१६,७४१.३५ घनमिटर मात्र ठेक्का परिमाण कायम गर्ने । कार्यालयले संकलन गरेको रकम रु. २,८८,८२,७६८.९५ ठेकेदारले दोश्रो किस्तामा बुझाउन बाँकि रु. ४,०६,८०,०००.०० मा मिलान गरी बाँकि रु.१,१७,९७,२३२.०० दाखिला गर्नु पर्ने देखिएतापनि ठेक्काको न्यूनतम अंक नघटने गरी रु. १,४४,५३,४५२.०० दाखिला गर्न लगाउने र ठेकदारलाइ तोकिएको परिमाणका आधारमा प्राप्त हुन फाँटवारीवाट परिमाण यकिन गरी २०८२ आषाढ मसान्त पछि बैंक ग्यारेन्टी फुकुवा गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक विधेयक, २०८२ दफावार छलफल गरी स्वीकृतिको लागि मनहरी गाउपालिकाको १७ औ अधिवेशनको प्रथम बैठकमा पेश गर्ने साथै मनहरी गाउँपालिकाको कानून निर्माण सिफारिस समितिबाट दफावार छलफल भई प्राप्त मनहरी गाउँपालिकाको स्वास्थ्य आपतकालीन तथा विपद् पूर्वतयारी र प्रतिकार्य योजना, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया,मकवानपुर
बागमती प्रदेश,नेपाल

Scanned with CamScanner

मिति २०८२/०३/०१ गते बसेको तेह्रौ गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा पूर्णखोप सुनिश्चितता निर्देशिका, २०७१ (तेस्रो संस्करण २०७७) बमोजिमका सम्पूर्ण सुचक/ मापदण्डहरु पुरा गरेकाले मिति २०८२/०३/०५ गते मनहरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा सभा संचालन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रभित्र बर्षाजन्यक्षति न्यूनिकरणको लागि वडा कार्यालयको सिफारिसको आधारमा तत्काल नगर नहुने तपसिल बमोजिमको विपद्जन्य योजनाको रकम उल्लेखित शिर्षकबाट उपलब्ध गराउने साथै वषातको समयमा हुन सक्ने सम्भावित जोखिमलाई मध्येनजर गर्दै मनहरी गाउँपालिकाका विपद् स्वयमंसेवकलाई ३ दिने विपद व्यवस्थापन तालिम संचालन गर्ने ननिर्णय गरियो ।

तपसिल :

| क्र. सं. | योजनाको नाम/ ठेगाना | विवरण | लागत ईस्टिमेट बमोजिमको रकम | भुक्तानी हुने शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | दर्दरा रासी अस्थाई ह्युम पाईप पुल निकाल्ने कार्य वडा नं. ५ | वर्षातको कारण ह्युम पाईप बाढीले बगाएर अन्यन्त्र लैजाने सम्भमवना भएकोले सुरक्षित स्थानमा राख्न | ७६,०००/- | विपद् व्यवस्थापन कोष | |
| २ | झुल्यान र विक्रमपर्ता जोड्ने ठाडोखोला ह्य्युम पाईप हाल्ने कार्य वडा नं. २ | वर्षातको समयमा सवारी साधन, मानिसहरुलाई आवतजावतमा सहजता कायम गर्न | ९५,०००/- | विपद् व्यवस्थापन कोष | |
| ३ | गुम्वा पिस पार्कको शाखा बाटो ग्रावेल वडा नं. ८ | वर्षातको समयमा आवतजावतमा सहजता कायम गर्न | २५,०००/- | विपद् व्यवस्थापन कोष | |
| ४ | मिना नेपाली वडा नं. ३ | ढेडुवा खोला तटबन्धन गरी बाढीको सम्भावित जोखिम न्युनीकरणको लागि | ३०,०००/- | विपद् व्यवस्थापन कोष | |
| ५ | ह्युम पाईप साझा टोल बाटो मनहरी वडा नं. ३ | साझा टोलको बिच बाटोबाट सिचाई कुलो रहेकोले वर्षातको समयमा कुलोमा पानी बहाब बढी भई आवतजातमा समस्या हुने भएकोले | ४०,०००/- | आकस्मिक कोष | |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल



... कुमार लामा कपलाकोटी अध्यक्ष

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देहाय बमोजिमका विद्यार्थीहरुका लागि गरिबसँग विशेश्वर शैक्षिक सहायता मार्फत छात्रवृतीका लागि छनौट गरिएको र छात्रवृतीको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | तह | सिफारिस रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जेनिसा मुक्तान | मकवानपुर बहुमुखी क्याम्पस | स्नातक | ९६०० | |
| २ | अभिजित सुनार | निर्मल माध्यमिक विद्यालय | १२ | ७२०० | |
| ३ | रिन प्रजा | बाल जिवन ज्योति मावि | १२ | ७२०० | |
| ४ | जम्मा | | | २४००० | |

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।



Scanned with CamScanner